बैठक नं: ७६

आज मिति २०७८ असार ९ गते बुधबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ७६ औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र वहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश वहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल वहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज वहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. राम प्रसाद शर्मा नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ अधिकृत आठौं तह प्रशासन तथा योजना शाखा
३. राम कुमार श्रेष्ठ, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा
४. टिकाराम कड्याल इन्जिनियर पूर्वाधार शाखा
५. शिव सापकोटा अधिकृत छैठौं आर्थिक विकास शाखा
६. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत सूचना शाखा
७. अनिता अवाली रोजगार संयोजक प्रधानमन्त्री रोजगार कार्यक्रम
८. मिला पौडेल सहायक स्तर पाँचौं सामाजिक विकास शाखा
९. भुपाल लामिछाने स्वकिय सचिव नगर प्रमुख सचिवालय
१०. ईश्वर बाग्ले सह-लेखापाल आ.प्र. शाखा

## मिति २०७८।३।९ गतेको नगर कार्यपालिकाको ७६ औं बैठकमा छलफलका लागि पेश भएका विषयहरु

१, आठौं नगर सभा २०७८ असार १० गते ११.०० वजे नगरपालिकाको सभाहलमा संचालन गर्ने सम्वन्धमा ।

२, मिति २०७८।३।१० गते आठौं नगर सभामा बजेट,नीति तथा कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने सम्वन्धमा ।

३, विषयगत समितिबाट सिफारिस भएअनुसारको बजेट रकम स्वीकृतीका लागि सभामा पेश गर्ने ।

४, राजस्वका दररेट परिमार्जन सम्वन्धमा ।

५, आर्थिक विधेयक २०७८ नगर सभामा स्वीकृतिका लागि पेश गर्ने सम्वन्धमा ।

६, विनियोजन विधेयक २०७८ नगर सभामा स्वीकृतिका लागि पेश गर्ने ।

७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्वन्धमा ।

८, वडा संचालन खर्च निर्धारण गर्ने सम्वन्धमा ।

९, आधारभूत स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्वन्धमा ।

१०, रकमान्तर गर्ने सम्वन्धमा ।

गोविन्द रिमाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

## मिति २०७८।३।९ गतेको नगर कार्यपालिकाको ७६ औं बैठकमा छलफल भई निर्णय भएका विषयहरु

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा पूर्व सूचना अनुसार मिति २०७८।३।१० गते बिहान ११.०० बजे स्वास्थ्य तथा सुरक्षाको मापदण्ड अपनाइ देवचुली नगरपालिकाको आठौं नगर सभामा आगामी आ.व. २०७८/०७९ का लागि बजेट, नीति तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा आगामी आ.व. २०७८/०७९ का लागि चालु तर्फ रु, ३४,७३,७८,३२०।- कुल बजेटको ५५.७८% र पूजिंगत तर्फ रु, २७,५३,९९,६८०।- कुल बजेटको ४४.२२% समेत जम्मा रु, ६२,२७,७८,०००।- को अनुमानित बजेट र उक्त बजेट कार्यान्वयनका सन्दर्भमा अवलम्वन गरिने नीति तथा कार्यक्रमहरु समेत देवचुली नगरपालिकाको आठौं नगरसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं.३ उपर छलफल गर्दा विभिन्न विषयगत समितिहरुबाट विभिन्न शीर्षकमा छलफल गरी स्वीकृतिका लागि पेश भए अनुसारको बजेट रकम परिमार्जन सहित तयार पारिएकोले उक्त परिमार्जित विषयगत बजेट रकमलाइ शीर्षक गतरुपमा स्वीकृतिका लागि सभामा पेशगर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा कोभिड १९ का कारण नगरवासीहरुको दिनचर्यामा कठिनाइ परेको हालको अवस्थाबाट राहत उपलब्ध गराउने गरी करको दर बृद्धि नगरी आन्तरिक आम्दानीको दायरा फराकिलो पारी करको दायरामा आउन बाँकी विषयहरुलाइ समावेश गरी तयार पारिएको आ.व. २०७८/०७९ को करको दररेट र कर छुट सम्बन्धि विषय समेत स्वीकृतिका लागि नगरसभामा पेशगर्ने निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा निणय नं ४ अनुसारको आन्तरिक आम्दानीको व्यवस्थाका लागि तयार पारिएको "देवचुली नगरपालिकाको आर्थिक विधेयक २०७८" लाई स्वीकृति तथा कार्यान्वयनका लागि नगर सभामा पेशगर्ने निर्णय गरियो ।

गोविन्द निरौला
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा निर्णय नं. २ अनुसार तयार पारिएको "देवचुली नगरपालिकाको विनियोजन विधेयक २०७८" लाइ स्वीकृति तथा कार्यान्वयनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७,

प्रस्ताव नं.७ उपर छलफल गर्दा चालु आ.व.२०७८/०७९ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत विनियोजित वडा नं. १४ को रकम उक्त वडामा अभिलेखीकरण भएका वेरोजगार युवाहरु हाल कामको सिलसिलामा नगर क्षेत्रभन्दा बाहिर भएको कारण उक्त वडाको काम हुन नसकी बाँकी रहेको रकम अन्यत्र वडामा तोकिएको अवधिभित्र रितपूर्वक सूचिकृत वोरोजगार व्यक्तिहरुलाइ कामामा लगाउने गरी अन्य वडाबाट माग बमोजिम वडामा बिभाजन गरी सोही प्रकृतिको काममा लगाउन इजाजत दिने र आगामी आ.व. २०७८/०७९ का लागि यस नगरक्षेत्रमा प्राप्त हुन आएको प्रधानमन्त्री रोजगार तर्फको सशर्त रकम सम्बन्धित वडाहरुबाट आवश्यकता अनुसार कार्यक्रम तयारगर्ने/गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ८,

प्रस्ताव नं.८ उपर छलफल गर्दा आगामी आ.व. मा वडा संचालन खर्च व्यवस्थापनका लागि वडा नं. १६ र १७ वडा अरु वडाको तुलनामा ठूलो वडा भएकोले यी २ वटा वडाहरुलाइ बार्षिक रु, २ लाख ५० हजार र अन्य १ देखि १५ वटा वडा हरुमा प्रति वडा वार्षिक रु, २ लाखका दरले रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९,

प्रस्ताव नं.९ उपर छलफल गर्दा चालु आ.व. मा कार्यरत आधारभूत स्वास्थ्य केन्द्रका स्वास्थ्य कर्मीहरु लाइ मुल्यांकनको आधारमा उपयुक्त देखिएका स्वास्थ्यकर्मीलाइ म्याद थप गर्ने र आगामी आ.व.२०७८/०७९ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालनका लागि भवन तयार भएका वडाहरुमा एक जना अ.हे.व. र एक जना अ.न.मि.लाइ खुल्ला प्रतिस्पर्धाको माध्यामबाट छनौट गरी करार सेवा प्रकृयावाट कामकाजमा लगाउने गरी न्यूनतम बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

गोविन्द रिमेल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. १०,

(क) प्रस्ताव नं.१० उपर छलफल गर्दा वडा नं. १५ को वडा क्षेत्रमा विनियोजित रकमका योजना मध्ये लक्षित वर्गका योजना , कृषि तथा पशु विकास कार्यक्रम विभिन्न कारणबाट सम्पन्न हुन नसकी कार्यालयबाट विपद व्यवस्थापन कार्यका लागि रकम रकमान्तरका लागि माग भइ आएकोले आवश्यक स्थानहरुमा ग्याबियन जाली व्यवस्थापनका लागि रु, १,३२,०००।-आवश्यक स्थानमा ह्यूमपाइप व्यवस्थापनमा रु, २,१०,०००।- समेतका लागि रकमान्तर गरी तोकिएको समय भित्र विपदजन्य कार्य सम्पन्न गर्न इजाजत दिने निर्णय गरियो ।

(ख) नेतृत्व विकास तालिम दलित महिला शसक्तिकरण कार्यक्रमको लागि विनियोजित बजेट रु, २ लाख हाल विश्वव्यापि रुपमा फैलिएको कोरोना महामारीका कारण तालिम कार्यक्रम संचालन हुन नसकेकोले उक्त रकम मध्येबाट १७ नं वडाको सिफारिस अनुसार उक्त वडामा दलित भवन निर्माणका लागि रकमान्तर गरी कार्य संचालन गर्न लगाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner